## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

आर्थिक वर्ष २०८२/८३ को वैशाखदेखि असारमसान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

श्रीमान महा-निर्देशकज्यू,

आ. व. २०८२/०८३ को बैसाख १ गते देखि असार ३२ गते सम्मको स्वत प्रकाशन स्वीकृतीका लागि श्रीमान समक्ष पेस गरेको छु।

मिनकुमार शर्मा
(निर्देशक)
२०८३/४/८

नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय

# सूचना तथा प्रसारण विभाग

सञ्चारग्राम, तिलगंगा, काठमाडौं

# स्वत: प्रकाशन (Proactive Disclosure)

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक निकायले सम्पादन गरेको कामको विवरण ३/३ महिनामा प्रकाशित गर्नुपर्ने व्यवस्था रहेको छ। यस निकायबाट आर्थिक वर्ष २०८२/८३ को वैशाखदेखि असारमसान्तसम्म सम्पादन गरेका प्रमुख कार्यहरु सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।

**सूचना तथा प्रसारण विभाग**
सञ्चारग्राम, तिलगंगा, काठमाडौं
मिति २०८३/४/०१

## १. पृष्ठभूमि

सूचना तथा प्रसारण विभागको स्थापना राणा प्रधानमन्त्री मोहनसमशेरको पालामा वि.सं. २००५ सालमा "प्रचार विभाग"को नाममा भएको हो। प्रचार विभाग, प्रेस सूचना विभाग, प्रचार–प्रसार विभाग, सूचना विभाग हुँदै विभिन्न समयमा नाम तथा कार्यजिम्मेवारीमा परिवर्तन हुँदै आएकोमा पछिल्लो समय नेपाल सरकार मन्त्रिपरिषदको सम्वत् २०७५ वैशाख ४ गतेको निर्णयानुसार सूचना तथा प्रसारण विभाग कायम भएको हो।

विभागले प्रारम्भदेखि नै नेपालको भौगोलिक अवस्था, इतिहास, पुरातात्विक सम्पदा, कला, संस्कृति, भेषभूषा, रीतिरिवाज, चाडपर्व तथा नेपालका अन्य विविध पक्ष सम्बन्धी सूचनाहरु प्रचार प्रसार गर्ने र विश्वसामु नेपालको पहिचान गराउँदै आएको छ। विभागले मुख्यतः छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०४८, छापाखाना तथा प्रकाशन सम्बन्धी नियमावली, २०४९, राष्ट्रिय प्रसारण ऐन, २०४९, राष्ट्रिय प्रसारण नियमावली, २०५२, रेडियो ऐन, २०१४ र रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ र मन्त्रालयबाट विभिन्न मितिमा प्रत्यायोजित अधिकारको परिधिभित्र रही काम कारबाही गर्ने र कार्यान्वयन गराउने कार्य गर्दछ। यस बाहेक नेपाल सरकारको आधिकारिक फोटोग्राफीको कार्य पनि विभागबाट हुँदै आएको छ।

## २. विभागको काम, कर्तव्य र क्षेत्राधिकार

### काम र कर्तव्य

नेपाल सरकार र पत्रकारजगत बीच सम्पर्कसूत्रको रूपमा रहेर काम गर्ने समेतको जिम्मेवारी पूरा गर्ने क्रममा हाल सूचना तथा प्रसारण विभागले देहायका कार्यहरू गर्दै आएको छः

१. नेपाल सम्बन्धी विविध सूचनामूलक पुस्तकहरू, नेपाल परिचय, 'नेपाल' द्वैमासिक पत्रिका, क्यालेण्डर तथा डायरी, नेपालः विविधतामा एकता (Nepal : Unity in Diversity) लगायतका सामग्रीहरू प्रकाशन एवं वितरण गर्ने।

२. स्वदेशी तथा विदेशी सञ्चार माध्यमका प्रतिनिधिहरूलाई प्रेस प्रतिनिधि प्रमाणपत्र तथा परिचयपत्र प्रदान गर्ने र नवीकरण गर्ने। सञ्चार प्रतिष्ठानका अध्यक्ष, प्रकाशक, व्यवस्थापक र प्रबन्ध निर्देशकको रूपमा काम गर्ने व्यक्तिका लागि पदको परिचयपत्र प्रदान गर्ने।

३. अनलाइन सञ्चार माध्यम दर्ता तथा प्रमाणपत्र वितरण र नवीकरण गर्ने।

४. नेपालमा दर्ता भई प्रकाशन हुने सबै पत्रपत्रिकाहरूको विवरण अध्यावधिक गर्ने।

५. कार्यविधि तथा निर्देशिकामा व्यवस्था भएबमोजिम पत्रकार कल्याण एवं पत्रकार सुरक्षा कार्यक्रमहरू (जस्तैः पत्रकार दुर्घटना बीमा कार्यक्रम) को व्यवस्था गरी पत्रकारहरूको जीवन सुरक्षाको कार्यमा प्रयत्न गर्ने।

६. आधारभूत तथा सेवाकालीन पत्रकारिता तालिम प्रदान गर्ने।

७. विभिन्न सञ्चारगृहमा कार्यरत श्रमजीवी पत्रकारहरूलाई परेका पीरमर्का, गुनासा, उजुरी तथा सुविधा आदि विषयमा श्रमजीवी पत्रकार सम्बन्धी ऐनअनुरूप कार्यान्वयन गर्ने।

८. सूचना प्रवाह र पत्रकारितासँग सम्बन्धित विषयमा पत्रकार भेटघाट, पत्रकार सम्मेलन, गोष्ठी, अन्तर्क्रिया, छलफल आदि कार्यक्रम आयोजना गर्ने।

९. राज्य एवं सरकार प्रमुख तथा अन्य विशिष्ट व्यक्तिको विदेश प्रस्थान तथा आगमनको अवसरमा पत्रकारहरूलाई व्यवस्थित गर्ने एवं सम्पर्क अधिकारीको रूपमा कार्य गर्ने।

१०. पत्रकारहरूका लागि परिचयपत्र स्थानीयस्तरमा पुगी प्रदान गर्न घुम्ती शिविर कार्यक्रम सञ्चालन गर्ने।

## विषयसूची


| | | |
|---|---|---|
| १. | विभागको स्वरुप र प्रकृति | १ |
| २. | विभागको काम, कर्तव्य र अधिकार | १ |
| ३. | कर्मचारी दरबन्दी विवरण | ४ |
| ४. | विभागबाट प्रदान गरिने सेवाहरु | ५ |
| ५. | सेवा प्रदान गर्ने निकायको शाखा, जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख | ९ |
| ६. | सेवा प्राप्त गर्न नियमानुसार लाग्ने दस्तुर र अवधि | १० |
| ७. | उजुरी, निवेदन उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी | १० |
| ८. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | १० |
| ९. | विभागले सम्पादन गरेको कामको विवरण | १० |
| १०. | सूचना अधिकारी र प्रमुखको नाम र पद | १३ |
| ११. | विभागको कार्य सम्पादनसँग सम्बद्ध ऐन,नियम, निर्देशिका तथा कार्यविधि | १३ |
| १२. | आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | १४ |

११. विदेशी राष्ट्राध्यक्ष, सरकार प्रमुख तथा अन्य विशिष्ट व्यक्तिहरूको नेपाल भ्रमणको अवसरमा नेपालमा आयोजना हुने अन्तर्राष्ट्रिय सम्मेलन एवं महत्वपूर्ण अवसरहरूमा आवश्यकता अनुसार 'मिडिया सेन्टर' को व्यवस्था गर्ने।

१२. नेपाल सरकारको औपचारिक फोटोग्राफरको रूपमा कार्य गर्ने र फोटोग्राफीको अध्यावधिक अभिलेख राख्ने। विशेष पर्व र समयमा फोटो प्रदर्शनीको आयोजना गर्ने र माग भएका फोटोहरू वितरण गर्ने।

१३. रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम रेडियो यन्त्रको लाइसेन्स जारी गर्ने।

१४. रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम एमेच्योर रेडियोको लाइसेन्स जारी गर्ने।

१५. रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम रेडियो यन्त्र बिक्री-वितरणको लाइसेन्स जारी गर्ने।

१६. रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम रेडियो यन्त्रको लाइसेन्स नवीकरण, हक हस्तान्तरण तथा लगत कट्टा गर्ने।

१७. रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम रेडियो यन्त्रको स्थलगत प्राविधिक निरीक्षण गरी स्वीकृत मापदण्ड बमोजिम सञ्चालन गरे वा नगरेको यकीन गर्ने।

१८. रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम रेडियो संयन्त्रहरुको आयात सिफारिस गर्ने।

१९. राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम प्रसारण संस्थाहरूलाई इजाजतपत्र र अनुमतिपत्र जारी गर्ने।

२०. राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम डिजिटल प्रणालीमा परिवर्तन गर्न स्वीकृति दिने।

२१. राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम भू–उपग्रह प्रसार केन्द्रको स्थापना गरी वा स्याटेलाइट वितरण प्रणालीको माध्यमबाट कार्यक्रम प्रसारण गर्न, कार्यक्रम डाउनलिंक तथा सिग्नल वितरण गर्नको लागि अनुमतिपत्र जारी गर्ने।

२२. राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम इजाजतपत्र वा अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित संस्थाले प्रशारण प्रारम्भ गर्ने अवधि थप गर्ने।

२३. राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम विदेशी प्रसारण संस्था वा सञ्चार माध्यमलाई प्रसारण समय उपलब्ध गराउने।

२४. राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम इजाजतपत्र तथा अनुमतिपत्रको विवरण बदल्ने, अवधि थप र नवीकरण गर्ने।

२५. राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम इजाजतपत्र वा अनुमतिपत्रको प्रतिलिपि दिने।

२६. राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम निरीक्षण तथा छानविन गर्ने।

२७. राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम इजाजत अनुमतिपत्र प्राप्त संस्थाहरुको विदेशी मुद्रा सिफारिस गर्ने।

२८. राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम विदेशी कार्यक्रमको प्रसारण अधिकारी (फ्रेन्चाइज) वा विदेशी कार्यक्रमको प्रत्यक्ष प्रसारणका लागि स्वीकृति प्रदान गर्ने।


**क्षेत्राधिकार**

सूचना तथा प्रसारण विभागको क्षेत्राधिकार देहायबमोजिम रहेको छः

१. प्रेस प्रतिनिधि प्रमाणपत्र, परिचयपत्र जारी तथा नवीकरण,
२. अनलाइन सञ्चार माध्यम दर्ता तथा नवीकरण,
३. पत्रपत्रिका तथा पत्रकारको अभिलेख व्यवस्थापन,
४. सार्वजनिक सूचना व्यवस्थापन र वितरण,
५. प्रेस रजिष्ट्रारको कार्यजिम्मेवारी सम्पादन,
६. सरकारी कार्यक्रमहरूको औपचारिक फोटोग्राफी, संग्रह र वितरण,
७. सूचनामूलक तथा ज्ञानवर्द्धक सामग्रीहरू प्रकाशन तथा वितरण,
८. रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम रेडियो यन्त्रको लाइसेन्स जारी, नवीकरण, हक हस्तान्तरण तथा लगत कट्टा गर्ने।
९. रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम रेडियो यन्त्रको स्थलगत प्राविधिक निरीक्षण गरी स्वीकृत मापदण्ड बमोजिम सञ्चालन गरे वा नगरेको एकीन गर्ने।
१०. राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम प्रसारण संस्थाहरूलाई इजाजतपत्र र अनुमतिपत्र जारी गर्ने, नवीकरण गर्ने, प्रसारण अवधि थप गर्ने तथा अनुमतिपत्रको विवरण बदल्ने।
११. राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम भू-उपग्रह प्रसार केन्द्रको स्थापना गरी वा स्याटेलाईट वितरण प्रणालीको माध्यमबाट कार्यक्रम प्रसारण गर्न, कार्यक्रम डाउनलिंक गर्न तथा सिग्नल वितरणको लागि अनुमतिपत्र जारी गर्ने।
१२. राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम निरीक्षण तथा छानविन गर्ने।

३. कर्मचारी दरबन्दी विवरण

(क) विभागको संगठन संरचना




(ख) दरबन्दी तेरिज

| सि. नं. | पदको नाम | सेवा/समूह | उपसमूह | श्रेणी | दरबन्दी |
|---|---|---|---|---|---|
| १ | महानिर्देशक | प्रशासन/सा.प्र. | | रा.प.प्रथम | १ |
| २ | निर्देशक | प्रशासन/सा.प्र. | | रा.प.द्वितीय | १ |
| ३ | निर्देशक | इन्जिनियरिङ/इलेक्ट्रोनिक्स एण्ड टेलिकम | | रा.प.द्वितीय | १ |
| ४ | निर्देशक | शिक्षा/कला | छविकला | रा.प.द्वितीय | १ |
| ५ | शाखा अधिकृत | प्रशासन/सा.प्र. | | रा.प.तृतीय | ४ |
| ६ | कानुन अधिकृत | न्याय/कानुन | | रा.प.तृतीय | १ |
| ७ | इलेक्ट्रोनिक इन्जिनयर | इन्जिनियरिङ/इलेक्ट्रोनिक्स एण्ड टेलिकम | | रा.प.तृतीय | २ |
| ८ | कम्प्युटर इन्जिनियर | विविध | | रा.प.तृतीय | १ |
| ९ | छविकार | शिक्षा/कला | छविकला | रा.प.तृतीय | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | लेखा अधिकृत | प्रशासन/लेखा | | रा.प.तृतीय | १ |
| ११ | नायब सुब्बा | प्रशासन/सा.प्र. | | रा.प.अनं.प्र. | ५ |
| १२ | लेखापाल | प्रशासन/लेखा | | रा.प.अनं.प्र. | १ |
| १३ | इलेक्ट्रोनिक सहायक | इन्जिनियरिङ/इलेक्ट्रोनिक्स एण्ड टेलिकम | | रा.प.अनं.प्र. | २ |
| १४ | कम्प्युटर अपरेटर | विविध | | रा.प.अनं.प्र. | ३ |
| १५ | खरिदार | प्रशासन/सा.प्र. | | रा.प.अनं.द्वि. | ४ |
| १६ | कार्यालय सहयोगी | प्रशासन/सा.प्र. | | श्रेणीविहीन | ८ |
| १७ | हलुका सवारी चालक | सेवा/समूह | | श्रेणीविहीन | २ |
| | | | | कूल | ४० |

## ४. विभागबाट प्रदान गरिने सेवाहरु

सूचना तथा प्रसारण विभागको दैनिक प्रशासनिक कार्य महानिर्देशकको नेतृत्वमा सञ्चालन हुँदै आएको छ। विभागको प्रशासनिक, आर्थिक लगायतका अन्य सम्पूर्ण कार्यहरूको जिम्मेवारी वहन गर्नुका साथै विभागको काम तथा कर्तव्य सम्बन्धमा सूचना तथा सञ्चार मन्त्रालयप्रति महानिर्देशक उत्तरदायी हुने व्यवस्था छ। विभागमा कार्यरत सम्पूर्ण कर्मचारीहरूले सम्पादन गर्ने कामको कार्यविवरण यस विभागको व्यवस्थापन तथा सर्वेक्षण हुँदा तयार भएको कार्यविवरण बमोजिम र प्रचलित कानुनमा तोकिएकोमा सोहीबमोजिम हुनेछ।

### शाखागत कार्यहरु

**(क) प्रशासन तथा प्रेस शाखा**

सूचना तथा प्रसारण विभाग र यस अन्तर्गतका कर्मचारीहरूको प्रशासनिक कार्य सम्बन्धी सम्पूर्ण कार्य र स्वस्थ, मर्यादित, व्यवसायिक तथा संस्थागत पत्रकारिताको विकास तथा श्रमजीवी पत्रकारहरूको हक हित र सुरक्षाको प्रत्याभुति गर्ने कार्य यस शाखाको रहेको छ। यस शाखा अन्तर्गत निम्न एकाइहरू रहेका छन्:

**(अ) प्रशासन एकाइ**

- कर्मचारी प्रशासन सम्बन्धी सम्पूर्ण कार्य गर्ने।
- विभागमा कार्यरत कर्मचारीहरूको अभिलेख अध्यावधिक राख्ने/राख्ने व्यवस्था मिलाउने।
- कार्यालयको भौतिक सामग्रीहरूको संरक्षण तथा सम्वर्द्धन गर्ने/गराउने।
- विभागको आवधिक तथा वार्षिक कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने।
- मासिक, चौमासिक, अर्धवार्षिक तथा वार्षिक प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पठाउने।
- कार्यालय सुरक्षा, सरसफाइ, शौचालय, बगैंचाको व्यवस्थापन नियमित गर्ने/गराउने।
- कार्यालयको कार्यक्रमभित्र रहेर जिन्सी सामग्री खरीद गर्ने, आम्दानी बाँध्ने, माग फाराम अनुसार खर्च गर्ने तथा लिलाम बिक्री सम्बन्धी कार्य गर्ने/गराउने।
- गुनासोहरू यथासक्य व्यवस्थापन गर्ने।

- नागरिक बडापत्र बनाई लागू गर्ने/गराउने।
- कार्यालयको अन्य शाखा र एकाइसँग समन्वय गर्ने।
- सूचनाको हक सम्बन्धी व्यवस्था अनुरुप सूचना उपलब्ध गराउने र अभिलेखाङ्कन गर्ने/गराउने।
- अन्य शाखामा नतोकिएका कार्य समेत गर्ने/गराउने।

(आ) प्रेस एकाइ

- स्वदेशी तथा विदेशी नागरिकलाई निजले पेस गरेको कागजातको आधारमा नियमानुसार स्थायी तथा अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र र पत्रकार परिचयपत्र जारी तथा नवीकरण गर्ने।
- पत्रकारिता क्षेत्रलाई निष्पक्ष, स्वतन्त्र, मर्यादित, उत्तरदायी, प्रतिस्पर्धी र भरपर्दो हुन उत्प्रेरित गर्ने।
- नियमानुसार प्रेस सम्मेलन र पत्रकार भेटघाट आयोजना गर्ने।
- पत्रकारिता क्षेत्र आर्थिक एवं भौतिक रूपले आत्मनिर्भर हुनका लागि वातावरण सिर्जना गर्ने।
- श्रमजीवी पत्रकार सम्बन्धी ऐन तथा नियमावली कार्यान्वयनको अनुगमन एवं पत्रकारको उजुरी सुनुवाइ गरी महानिर्देशकसमक्ष पेस गर्ने।
- प्रेस सम्पर्क अधिकृतको काम गर्ने।
- पत्रकार कल्याण सम्बन्धी कार्य गर्ने।
- पत्रपत्रिका प्रकाशनको लागि जिल्ला प्रशासन कार्यालयबाट नामाङ्कनको लागि सोधनी भई आएमा विभागको अभिलेखमा उक्त नाम भिडाई यकीन गरी सिफारिस गरी पठाउने।
- पत्रपत्रिका तथा अनलाइन सञ्चारमाध्यमहरूको दर्ता, नवीकरण र अभिलेख राख्ने।

(इ) कानुन एकाइ

- प्रचलित कानून अनुरुप विभागले गर्ने काम कार्यवाहीका निर्णय गर्दा कानूनी राय उपलब्ध गराउने।
- इजालाशमा परेका मुद्दाको सम्बन्धमा म्याद बुझ्ने, लिखित जवाफ तयार गर्ने र विभागका तर्फबाट बहस गर्ने।
- सञ्चारगृहसँगको विषयमा उठेका कानूनी विषयमा निरुपणको लागि उचित राय र समाधानको लागि सहजीकरण गर्ने।
- कार्यालयमा गरिने विभिन्न आर्थिक, प्रशासनिक र प्राविधिक निर्णयमा कानूनी राय उपलब्ध गराउने।
- विभागसँग सम्बन्धित मौजुदा कानूनमा संशोधन वा परिमार्जन गर्नुपर्ने भए सोको व्यवस्थासहित संशोधन वा परिमार्जनको लागि महानिर्देशक समक्ष पेश गर्ने।

(ख) प्रकाशन तथा फोटोग्राफी शाखा

विभागबाट प्रकाशित हुने विभिन्न प्रकाशनहरूको संकलन, प्रकाशन र वितरण गर्नुका साथै नेपाल सरकारको आधिकारिक फोटोग्राफरको रुपमा यस शाखाले कार्य गर्दछ। यस शाखा अन्तर्गत निम्न एकाइहरू रहेका छन्:

(अ) प्रकाशन एकाइ

- विभागले प्रकाशन गर्ने समसामयिक विषयका सामग्रीहरू प्रकाशन गरी वितरण गर्ने।
- सम्पादक मण्डलको निर्णयानुसार लेखरचना सङ्कलन गरी प्रकाशन तथा वितरण गर्ने।
- वाचनालयमा प्राप्त हुने पत्रपत्रिकाहरू व्यवस्थित गर्ने र सर्वसाधारणले सजिलैसँग सेवा पाउन सक्ने व्यवस्था मिलाउने।
- सार्वजनिक बिदा, तिथिमिति तालिका, दिवस र तस्वीरहरू सम्बन्धित निकायबाट लिई चैत्र मसान्तसम्ममा क्यालेण्डर तथा डायरी प्रकाशन गरी वितरणको व्यवस्था मिलाउने।
- विभागबाट समय समयमा प्रकाशन हुने विभिन्न विषयहरूको प्रकाशन तथा वितरणको व्यवस्था मिलाउने।

(आ) फोटोग्राफी एकाइ

- नेपालका विभिन्न भौगोलिक क्षेत्र, राष्ट्रिय पर्व तथा विविध विषयमा फोटो संकलन गर्ने।
- विभागबाट प्रकाशन गरिने सामग्रीका लागि आवश्यक तस्वीरको व्यवस्था गर्ने।
- विशिष्ट पदाधिकारी समुपस्थित कार्यक्रमको फोटो खिच्ने, विभिन्न संघ/संस्था वा व्यक्तिको अनुरोध अनुसार फोटो उपलब्ध गराउने तथा डिजिटल फोटो वितरण गर्ने।
- नेपाल भ्रमणमा आउने मित्रराष्ट्रका प्रमुखहरूको औपचारिक कार्यक्रमको फोटोग्राफी गर्ने र एल्बम तयार गरी उपहार दिने।
- विभागबाट खिचिएका फोटोहरू विभागको वेबसाइटमा राख्ने।
- नेपाल सम्बन्धी विविध प्रकारका फोटोहरू नेपालका विभिन्न भौगोलिक क्षेत्रबाट सङ्कलन गरी फोटो बैङ्कमा प्रविष्टी गराउने तथा आवश्यकता अनुसार प्रकाशन गर्ने।

(ग) प्रसारण शाखा

१. रेडियो तथा टेलिभिजन प्रसारणलाई नियमित, व्यवस्थित र मर्यादित बनाउने तथा रेडियो यन्त्र राख्ने, बनाउने र प्रयोग गर्ने कार्यहरूको नियमन गर्ने विषयमा यस शाखाको कार्यविवरण देहाय बमोजिम रहेको छ।

२. रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम रेडियो यन्त्रको लाइसेन्स जारी गर्ने।

३. रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम एमेच्योर रेडियोको लाइसेन्स जारी गर्ने।

४. रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम रेडियो यन्त्रको स्थलगत प्राविधिक निरीक्षण गरी स्वीकृत मापदण्ड बमोजिम सञ्चालन गरे वा नगरेको यकीन गर्ने।

५. रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम रेडियो यन्त्रको लाइसेन्स नवीकरण, हक हस्तान्तरण तथा लगत कट्टा गर्ने।

६. रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम रेडियो यन्त्रको स्थलगत प्राविधिक निरीक्षण गरी स्वीकृत मापदण्ड बमोजिम सञ्चालन गरे वा नगरेको यकीन गर्ने।

७. राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम डिजिटल प्रणालीमा परिवर्तन गर्न स्वीकृति दिने।

८. राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम प्रसारण संस्थाहरूलाई इजाजतपत्र र अनुमतिपत्र जारी गर्ने।

९. राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम डिजिटल प्रणालीमा परिवर्तन गर्न स्वीकृती दिने।

१०. राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम भू–उपग्रह प्रसार केन्द्रको स्थापना गरी वा स्याटेलाईट वितरण प्रणालीको माध्यमबाट कार्यक्रम प्रसारण, डाउनलिंक तथा सिग्नल वितरण गर्ने कार्यको लागि अनुमतिपत्र जारी गर्ने।

११. राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम इजाजतपत्र वा अनुमतिपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्थाले प्रशारण प्रारम्भ गर्ने अवधि थप गर्ने।

१२. राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम विदेशी प्रसारण संस्था वा सञ्चार माध्यमलाई प्रसारण समय उपलब्ध गराउने।

१३. राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम इजाजतपत्र तथा अनुमतिपत्रको विवरण बदल्ने, अवधि थप वा नवीकरण गर्ने।

१४. राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम इजाजतपत्र वा अनुमतिपत्रको प्रतिलिपि दिने।

१५. राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम निरीक्षण तथा छानविन गर्ने।

१६. राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम विदेशी कार्यक्रमको प्रसारण अधिकारी (फ्रेन्चाइज) वा विदेशी कार्यक्रमको प्रत्यक्ष प्रसारणका लागि स्वीकृति प्रदान गर्ने।

१७. राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम इजाजतपत्र/अनुमतिपत्र प्राप्त संस्थाहरुको विदेशी मुद्रा सिफारिस गर्ने।

**(घ) आर्थिक प्रशासन शाखा**

१. स्वीकृत वार्षिक कार्यक्रम सञ्चालन तथा अनुगमन गर्ने र कार्यक्रम तथा सालबसाली खर्चको आधारमा बजेट तर्जुमा गर्ने।

२. अख्तियारी प्राप्त गर्ने, आम्दानी बाँध्ने र प्रचलित कानून बमोजिम खर्च गर्ने।

३. विनियोजन, राजश्व तथा धरौटी खाता सञ्चालन गर्ने।

४. आर्थिक प्रशासन सम्बन्धी नियमावली तथा सम्बन्धित ऐन नियम बमोजिम खर्च गर्ने।

५. तोकिए बमोजिम लगत तथा प्रतिवेदनहरू पठाउने।

६. कोष तथा लेखा नियन्त्रणको कार्यालयबाट आन्तरिक लेखापरीक्षण गराउने।

७. महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउने।

८. बेरुजुको लगत किताब राखी फछ्र्यौट गर्ने गराउने।

९. विभागमा प्राप्त भएका धरौटी तथा राजश्व रकम आम्दानी बाँध्ने।

१०. सरकारी सम्पत्तिको अभिलेख राख्ने।

११. पत्रकार बीमा सम्बन्धी कार्य गर्ने।

१२. आर्थिक प्रशासनसँग सम्बन्धित अन्य कामकाज गर्ने।

५. सेवा प्रदान गर्ने निकायको शाखा, जिम्मेवार अधिकारी र सम्बन्धित शाखा प्रमुख

| क्र.सं. | शाखा | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १ | प्रशासन तथा प्रेस शाखा | | निर्देशक | |
| | | श्री विनोद रोका | शाखा अधिकृत | |
| | | श्री काजीमान सुनार | शाखा अधिकृत | |
| | | श्री शान्ति लामा | शाखा अधिकृत | |
| | | श्री प्रतिक्षा के.सी. | कानून अधिकृत | |
| २ | प्रकाशन तथा फोटोग्राफी शाखा | श्री मिन कुमार शर्मा | निर्देशक | |
| | | श्री प्रवीण श्रेष्ठ | छविकार | |
| | | श्री पार्वती थापामगर | कम्प्यूटर ईन्जिनियर | |
| | | श्री सुमनचन्द्र रौनियार | छविकार | |
| ३ | प्रसारण शाखा | श्री रविन कुमार चापागाइँ | निर्देशक | |
| | | | शाखा अधिकृत | |
| | | श्री मनिषा शर्मा | इलेक्ट्रोनिक्स इन्जिनियर | |
| | | श्री नवराज बानिया | इलेक्ट्रोनिक्स इन्जिनियर | |
| | | श्री भरत दानकोटी | इलेक्ट्रोनिक्स इन्जिनियर | |
| ४ | आर्थिक प्रशान शाखा | श्री रमेश भण्डारी | लेखा अधिकृत | |

४८

६. सेवा प्राप्त गर्न नियमानुसार लाग्ने दस्तुर र अवधि

| क्र. सं. | विवरण | लाग्ने रकम (रु.) |
|---|---|---|
| १ | विदेशी नागरिकको लागि स्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र नयाँ/नवीकरण | १५०० |
| २ | सञ्चार प्रतिष्ठानका अध्यक्ष/प्रकाशक | १००० |
| ३ | विदेशी तथा स्वदेशी नागरिकको लागि अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र, सञ्चार प्रतिष्ठानका प्रबन्ध निर्देशक, व्यवस्थापक, व्यवस्थापकीय प्रमुख आदि । | ९०० |
| ४ | स्वतन्त्र पत्रकार परिचयपत्र | ६०० |
| ५ | प्रेस प्रतिनिधि प्रमाणपत्र प्राप्त विदेशी नागरिकको परिवारका ८ वर्ष नाघेका सदस्यलाई प्रतिव्यक्ति | ५०० |
| ६ | प्रेस प्रतिनिधि प्रमाणपत्र स्वदेशी नयाँ | ३०० |
| ७ | प्रेस प्रतिनिधि प्रमाणपत्र म्याद सकिएको (३५ दिनसम्म) | ५० |
| ८ | प्रेस प्रतिनिधि प्रमाणपत्र म्याद सकिएको (४ महिना ५ दिनसम्म) | १०० |
| ९ | प्रेस प्रतिनिधि प्रमाणपत्र म्याद सकिएपछिको ४ महिना ५ दिनपछि को असार मसान्तसम्म | २०० |
| १० | प्रेस प्रतिनिधि प्रमाणपत्रको प्रतिलिपि (रातो) | १०० |
| ११ | पत्रकार परिचय पत्रको प्रतिलिपि | ५० |
| १२ | अनुभव प्रमाणित, संस्था परिवर्तन, सिफारिश | १०० |
| १३ | अनलाइन सञ्चारमाध्यम दर्ता | ५००० |
| १४ | अनलाइन सञ्चारमाध्यम नवीकरण | २५०० (समयानुसार थप दस्तुर समेत लाग्ने) |

७. उजुरी, निवेदन उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

- नागरिकले माग गरेको सूचना १५ दिनभित्र पनि सूचना अधिकारीले उपलब्ध नगराए त्यस्तो नागरिक सूचना अधिकारी विरुद्ध कार्यालय प्रमुख समक्ष जानुपर्नेछ। कार्यालय प्रमुख समक्ष उजुरी परेको सात दिनभित्र कार्यालय प्रमुखले सूचना अधिकारीमार्फत वा आफैं नागरिकलाई सूचना उपलब्ध गराउनुपर्छ। सात दिन भित्र कार्यालय प्रमुखले पनि नागरिकलाई सूचना उपलब्ध नगराए नागरिकले सूचना अधिकारी र कार्यालय प्रमुख विरुद्ध राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्न सक्नेछन्।
- श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१ को दफा २४ बमोजिम श्रमजिवी पत्रकारहरुले आफू कार्यरत सञ्चार प्रतिष्ठानबाट सो ऐन नियममा तोकिएको सेवा सुविधा नपाएको सम्बन्धमा प्रेस रजिष्ट्रार समक्ष निवेदन दिने र प्रेस रजिष्ट्रारले विवाद समाधान गर्दा अपनाउने कार्यविधि पूरा गरी सोही ऐनको दफा ३४ बमोजिम निर्णय गर्ने गरिएको छ।

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

महानिर्देशक

## ९. विभागले सम्पादन गरेको कामको विवरण

विभागले २०८२/८३ को साउनदेखि असारसम्म सम्पादन गरेका प्रमुख कार्यहरु देहाय बमोजिम रहेका छन्।

| क्र.सं. | कार्यक्रम/ क्रियाकलाप | प्रगति विवरण | कैफियत |
|---|---|---|---|
| १. | कर्मचारीको उत्प्रेरणा मनोबल अभिबृद्धिका लागि आध्यात्मिकता र सकारात्मक सोच विकास तालिम | कर्मचारीको उत्प्रेरणा मनोबल अभिबृद्धिका लागि आध्यात्मिकता र सकारात्मक सोच विकास तालिम कार्यक्रम सम्पन्न भएको। | |
| २. | पत्रकारिता अध्ययनरत विद्यार्थीहरूलाई अभिप्रेरणा साझेदारी कार्यक्रम (प्रदेश सरकार तथा विभिन्न संघ/संस्थाहरूसँगको सहकार्यमा) | वागतमी, गण्डकी र सुदूरपश्चिम प्रदेशमा गरी ३ वटा कार्यक्रम सम्पन्न भएको । | |
| ३. | द्वैमासिक पत्रिका प्रकाशन | • साउन-भदौ अंक हरित अर्थतन्त्रसम्बन्धी विषयवस्तु समेटी प्रकाशन भएको।<br>• असोज-पुस संयुक्ताङ्क "पर्यटन प्रवर्धन र राष्ट्रिय अर्थतन्त्र" विषयमा प्रकाशन भएको।<br>• माघ-वैशाख संयुक्ताङ्क "संग्रहालय" सँग सम्बन्धित विषयवस्तु समेटी प्रकाशन गरिएको।<br>• जेठ-असार अंक अर्थतन्त्रसँग सम्बन्धित विषयवस्तु समेटी प्रकाशन गरिएको। | |
| ४. | नेपाल परिचय पुस्तक | नेपाल परिचयको १४औं संस्करण २०८३ प्रकाशन गरिएको। | |
| ५. | पत्रकारिता अध्ययनरत विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण कार्यक्रम | सार्वजनिक सूचना प्रकाशित गरी छात्रवृत्ति कार्यक्रममा सहभागी हुन आह्वान गरिएकोमा प्राप्त निवेदनहरुमध्येबाट तोकिएको मापदण्ड बमोजिम छनौट भएका विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गरिएको। | |
| ६. | क्यालेन्डर तथा डायरी छपाई | २०८२/८३ मा प्रकाशन गर्नुपर्ने २०८३ सालको भित्तेपात्रो तथा नेपाल डायरी प्रकाशन भएको। | |
| ७. | पत्रकार दुर्घटना बीमा | सार्वजनिक सूचना प्रकाशित गरी प्राप्त हुन आएका निवेदकहरुको पत्रकार दुर्घटना विमा गरिएको। | |
| ८. | पत्रपत्रिकाको अभिलेख व्यवस्थापन | पत्रपत्रिका अभिलेख व्यवस्थापनको कार्य सम्पन्न भएको । | |

२०८२/८३ का अन्य तथ्याङ्कीय विवरणहरु

| सम्पादन भएका कार्यहरू | असारसम्म |
|---|---|
| प्रेस प्रतिनिधि प्रमाणपत्र वितरण | ११९५ |
| प्रेस प्रतिनिधि प्रमाणपत्र नवीकरण | २१७१ |
| अनलाइन सञ्चारमाध्यम दर्ता | २४८ |
| अनलाइन सञ्चारमाध्यम नवीकरण | ३५१५ |
| पत्रपत्रिका अस्थायी दर्ता सिफारिस | १०० |
| पत्रपत्रिका स्थायी दर्ता सिफारिस | ५८ |
| **इजाजत तर्फका नवीकरण संख्या** | - |
| Cable TV - | २७ |
| Satellite TV - | ६२ |
| Terrestrial TV - | ४ |
| FM Radio – | ३८२ |
| IPTV- | ३ |
| downlink | ८८ |
| Signal Distributor | ८ |
| **इजाजतपत्र जारी संख्या** | |
| FM Radio | ११ |
| Satellite TV | ३ |
| Signal Distributor | ० |
| online TV-1 downlink | २ |
| **लाइसेन्स तर्फका नवीकरण संख्या** | |
| FM Transmiter - | ५८९ |
| HF/VHF/UHF(वाकी-टकी)- | ३८९ |
| Radio equipment sales and Distribution - | ९२ |
| Satellite Receiving system/satellite communication system - | ५७ |
| Other - | १९ |
| Satellite TV | ५७ |

| | |
|---|---|
| Amateur Radio | ३८ |
| **लाइसेन्स तर्फ जारी संख्या** | |
| Satellite TV | ६ |
| HF/VHF/UHF | २९ |
| Amateur | १० |
| **रेडियो यन्त्र संख्या** | |
| आयात सिफारिस संख्या - | ३६ |
| नियमित प्रसारणको स्वीकृति- | १० |
| प्राविधिक निरीक्षण - | ३६ |
| विवरण परिवर्तन | १५ |
| प्रतिलिपि जारी | २९ |
| उपकरण थप | ८ |
| सजाय आदेश | ८६ |
| **फोटोग्राफी** | |
| राष्ट्रपति कार्यालयमा भएका विभिन्न कार्यक्रम तथा माननीय मन्त्रीज्यूको नियमित प्रेसमिट तथा अनुगमन | ८६ |
| **कानून** | |
| श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०८१ बमोजिम प्रेस रजिष्टारले उजुरी उपरको कारवाही तथा बिवाद समाधान | ६६ जना |

१०. सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पद

**सूचना अधिकारी**
मिनकुमार शर्मा
निर्देशक

**कार्यालय प्रमुख**
छबिन्द्र पराजुली
महानिर्देशक

११. विभागको कार्य सम्पादनसँग सम्बद्ध ऐन,नियम, निर्देशिका तथा कार्यविधिः

१. राष्ट्रिय आम सञ्चार नीति, २०७३
२. छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०४८
३. श्रमजीवीपत्रकार सम्बन्धी ऐन, २०५१
४. राष्ट्रिय प्रसारण ऐन, २०४९
५. रेडियो ऐन, २०१४
६. सूचनाको हक सम्बन्धी ऐन, २०६४
७. प्रेस काउन्सिल ऐन, २०४८

६. छापाखाना तथा प्रकाशन सम्बन्धी नियमावली, २०४९
७. श्रमजीवी पत्रकार सम्बन्धी नियमावली, २०५३
८. रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९
९. राष्ट्रिय प्रसारण नियमावली, २०५२
१०. सूचनाको हक सम्बन्धी नियमावली, २०६५
१२. द्वन्द्वपीडित पत्रकार कल्याण कोष निर्देशिका, २०७०
१३. पत्रकार दुर्घटना बीमा (व्यवस्थापन) निर्देशिका, २०७०
१४. पत्रकारिता अनुदान सहयोग सम्बन्धी निर्देशिका, २०६६
१५. श्रमजीवी पत्रकार सम्बन्धी ऐन बमोजिम प्रेस रजिष्ट्रारले उजुरीउपरका कारबाही तथा विवाद समाधान गर्दा अपनाउने कार्यविधि, २०७१
१६. प्रेस प्रतिनिधि (प्रमाणपत्र तथा परिचयपत्र) वितरण कार्यविधि, २०७१
१८. पत्रकारिता अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण कार्यविधि, २०७४
१९. बिद्युतीय आम सञ्चार माध्यमहरूलाई वितरण गरिने लोककल्याणकारी विज्ञापन वितरणको मापदण्ड निर्देशिका, २०६६
२०. पत्रकार वृत्तिकोष स्थापना तथा सञ्चालन निर्देशिका, २०७५

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

राजस्वको विवरण २०८२/८३ वैशाखदेखि असारमसान्तसम्मको राजश्व आम्दानी

| | |
|---|---|
| राजस्व आम्दानी | २३,०२,००,७०८.८७/- |

१३. आर्थिक वर्ष २०८२/८३ को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

चालु तर्फ (रु हजारमा)

| ब.उ.शी.न. | निकाय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५८०२०११३ | सूचना तथा प्रसारण विभाग | ४२६४६ | ३८,४२५ | ९० |

पूँजीगत तर्फ (रु हजारमा)

| ब.उ.शी.न. | निकाय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५८०२०११४ | सूचना तथा प्रसारण विभाग | ८००० | ५,७६१ | ७२.०२ |

.............................
(मिनकुमार शर्मा)
निर्देशक एवं सूचना अधिकारी